# बहुप्रकोपीय पूर्वचेतावनी प्रणाली स्थापना गरिने

काठमाडौं, जेठ १६

विपद् जोखिम न्यूनीकरण गर्न बहुप्रकोपीय पूर्वचेतावनी राष्ट्रिय प्रणाली तथा बहुप्रकोपीय जोखिम आंकलन प्रणाली स्थापना गरिने भएको छ । आइतबार अर्थ मन्त्री जनार्दन शर्माद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा जलवायु परिवर्तनको प्रतिकूल असरलाई न्यूनीकरण गर्न अनुकूलनका कार्यक्रमहरु संचालन गर्ने उल्लेख छ ।




विपद् व्यवस्थापनका लागि पूर्वतयारी कार्यक्रम मार्फत् जोखिम न्यूनीकरण गर्ने नीति लिएको सरकारले नेपालको भू—बनोट, जलवायु परिवर्तनका कारणबाट सिर्जित प्रतिकूल प्रभाव, विकास प्रयासहरुबाट उत्पन्न प्रतिकूल असरहरु समेतलाई न्यूनीकरण गर्दै विपद्का कारण हुने मानवीय र भौतिक क्षति कम गर्न प्रदेश र स्थानीय तहको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

यसका लागि सरकारले राष्ट्रिय रुपमा र सबै स्थानीय तहमा जलवायु परिवर्तन र अनुकूलन कार्ययोजना बनाई लागू गर्नेछ । विपद् पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनामा संघ, प्रदेश र स्थानीय स्तरमा स्वयंसेवक परिचालन गरिने भएको छ ।

त्यस्तै, विपद् प्रभावितको उद्धार र राहतलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापनमा संलग्न निकायहरुको क्षमता अभिबृद्धिका लागि स्रोतको व्यवस्थापन गरेको छ । विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन पूर्वमा ससरी र पश्चिममा कैलालीमा सशस्त्र प्रहरी बलमार्फत विपद् उद्धार तालिम शिक्षालय स्थापना हुनेछ । बजेट वक्तव्य अनुसार पूर्वाधार निर्माणका ठूला आयोजनाहरुमा विपद् जोखिम न्यून गर्न जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्वन गर्नुपर्ने भएको छ ।

सरकारले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा परिरहेको असरहरुबारे अध्ययन अनुसन्धान गर्न तथा हिम मोसमी प्रणालीहरुको निरन्तर अनुगमन गर्न हाल संचालित नौवटा हिम केन्द्रहरुलाई पूर्ण स्वचालित रियल टाइम प्रणालीमा स्तरोन्नति पनि गर्ने भएको छ ।



त्यस्तै, जलवायु परिवर्तका कारण उत्पन्न हिमताल विस्फोटको जोखिम कम गन संखुवासभा र मनाङका एक—एक वटा तथा सोलुखुम्बुका दुईवटा हिमतालमा रहेको पानीको सतह घटाउने र तल्लो तटीय क्षेत्रहरुमा पूर्वसूचना प्रणालीको स्थापना गरिने भएको छ ।

सरकारले विपद्का घटनाबाट प्रभावित जनसंख्याको तथ्याङ्कका आधार निर्माण गरी राहत र पुनरुत्थानका कार्यक्रमहरु सञ्चालन गर्ने भएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका यी कार्यहरुका लागि सरकारले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई एक अर्ब ६१ करोड विनियोजन गरेको छ ।

त्यसैगरि, २०७२ बैशाख १२ को भूकम्पपछिको पुनर्निर्माणका बाँकी रहेका काम सम्पन्न गर्न ९ अर्ब ४४ करोड रुपैयाँ विनियोजन गरिएको छ । गत पुसमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकाल सम्पन्न भएपश्चात बाँकी रहेका काम शहरी विकास मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय पूर्वाधार विभाग, पुरातत्व विभाग लगायतले गरिरहेका छन् ।